

# १ २४/७ अर्थात चौविसै घण्टामा व्यस्त समाजमा रहनु

*<u>यस अध्यायका मूल पदहरू:</u>* उत्पत्ति २:१-३, यरिमिया ४५:१-५, प्रस्थान २०:११, २ शमूएल ७:१२, मर्कूस ६:३०-३२ र उत्पत्ति ४:१-१७।

*<u>यस अध्यायको मूल सार पद:</u>* **"परमप्रभुका मन्दिरको निम्ति मेरो प्राण इच्छुक छ, र मूर्च्छै पनि पर्छ। मेरो हृदय र मेरो शरीर दुवैले जीवित परमेश्वरको पुकार गर्दछ" (भजनसंग्रह ८४:२)।**

**टीक, टीक, टीक, टीक, टीक टीक।** निरन्तररूमा र निष्ठुर भएर ठूलो घडीको आवाज आइरहेको थियो। साबथ सुरू हुन केवल दुई घन्टामात्र बाँकि छ। आफूले भाडामा लिएको सानो अपार्टमेन्टमा यताउती मेरीले सुस्केरा हाल्दै हेरिन्। केटाकेटीका खेलौनाहरू बेठकमा जतातते छरिएका थिए; भान्सा कोठा पनि फोहरै थियोः उनकी कान्छी छोरी सारा ज्वरले ग्रस्त भएर ओछ्यानमा परिरहेकी थिइन्ः र भोली पल्ट साबथमा आगन्तुकहरूलाई तिनीहरूको चर्चको ढोकामा उभिएर स्वागत गर्ने सेवाकार्यमा सामेल हुन उनले वचन दिएकी थिइन्। त्यसको अर्थ तिनीहरू सधैंको समयभन्दा आधा घन्टा अघि चर्चमा जानुपर्दथ्यो। *भोली एक छिन शान्त हुन पाए हुन्थ्यो* भनेर मेरीले सोचिरहेकी थिइन्।

फेरि त्यसैबखत उनको श्रीमान जोश हप्ताको निम्ति खानेकुरा किनेर पैसा तिर्न पसलमा लाइन लगाएर उभिरहेका थिए। किनमेल गर्ने मानिसहरू थुप्रै थिए। पैसा तिर्ने ठाउँमा धेरै मानिसहरू उभिरहेका थिए। सबै मानिसहरू त्यही एकै समयमा किनमेल गर्न आएको जस्तो देखिन्थे। *मलाई केही आराम चाहिन्छ, म सधैं यसरी बिताउन चाहन्न,* जोशले व्याकुल भएर मनमा कुरा खेलाए। *यस जीवनको केही अर्थ हुनैपर्छ।*

हतारै हतार, काममा व्यस्त, अस्पताल जानुपर्ने, फेसबुक अर्थात् कुनै सञ्चारमाध्यमबाट अरूसँग कुरा गर्नै पर्ने, पसल जानै पर्ने र स्कूल आदिका कार्यक्रमहरूमा भाग लिनै पर्ने जस्ता क्रियाकलापहरूले हाम्रो जीवनलाई नियन्त्रण गरिरहेको छ। चाहे हामी बस चढौं, चाहे स्कुटर चढौं वा आफ्नै गाडीमा चढेर परिवारलाई यताउति लैजाऔं, यी सबै व्यस्तताको संसारमा हाम्रो जीवनमा साँच्चिकै के चाहिने हो त्यसलाई हामी गुम्साइरहेका छौं।

यस्तो व्यस्त र समय अभावको समाजमा हामी कसरी विश्राम पाउने?

## १. थकित र पेलान

**कोही मानिस थाक्नुभन्दा पहिले परमेश्वरले किन विश्रामको दिन सृजना गर्नुभयो? हेर्नुहोस्: "२ आफूले गर्नुभएका काम छैटौं दिनमा परमेश्वरले सिद्ध्याउनुभयो। र सातौं दिनमा आफूले गर्नुभएका सबै कामबाट उहाँले विश्राम लिनुभयो। ३ अनि परमेश्वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो, किनभने आफूले सृष्टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो।"**

मानिस तनावपूर्ण वातावरणमा अस्तव्यस्त हुनुभन्दा अघि नै परमेश्वरले एउटा आधारस्तम्भ खडा गर्नुभएको थियो। यो स्तम्भ मानिसको दिमागमा जीवित राखिराख्न परमेश्वरले सृष्टि गर्नुभएको थियो। यो दिन हामीले गरिरहेका सबै कामलाई रोक्दछौं र जानाजानी जीवनलाई रमाइलो बाटोमा हिंडाउँछौं। यो दिन के गर्नुपर्छ वा के गर्नुपर्छ भन्ने मनस्थितिले दिमागलाई तान्ने होइन तर के हुनुपर्छ भन्ने कुरालाई दिमागमा घुसार्ने हो। यो दिनमा परमेश्वरले दिनुभएको घाँस, हावा, जीवजन्तु, पानी, इष्टमित्र, विश्वासी वा अरू मानिसहरूको उपहारलाई आभारित भएर त्यसको उत्सब मनाउनु हो। तर सबभन्दा ठूलो त प्रत्येक असल उपहार दिनुहुने परमपिता परमेश्वर सृष्टिकर्तासँग गर्न पाइने आदानप्रदानमा रमाइलो गर्न पाइने त्यो विश्राम हो।

परमेश्वरले गर्नभएको विश्रामको निम्तो अदनको बगैंचाबाट आदम र हवाको निष्काशन भएपछि समाप्त भएको थिएन (न त सिनै पहाडमा सुरू भएको हो जसरी अधिकाँश इसाइहरूले सिकाउँदछन)। परमेश्वरले आह्वान गर्नुभएको विश्राम दिन मनाइरहने निम्तो कुनै पनि समय वा युगको आक्रमणले ढलाउन नसकोस् भन्ने हेतुले संसारको सृष्टिको समयभित्रै त्यो दिनको सृष्टि गर्नुभएको थियो। समयकै संरचनामा साबथ विश्राम बुनिएको थियो। (यदि

विश्राम नचाहिनेभए छ दिनमै सृष्टिको काम सकिन्दा परमेश्वरको सिद्धियो भन्न सक्नुहुन्थ्यो, तर मानिसलाई चाहिने विश्रामको आवश्यकतालाई नै महसुस गर्नुभएर परमेश्वरले थप सातौं दिन थप्नुभएको थियो-अनुवादकको धारणा)। यस युगको सुरूदेखि अन्त्यसम्मै (अझ नयाँ पृथ्वीमा पनि) सृष्टिलाई उत्सबको रूपमा लिइ विश्रामको अनुभूति पाउन प्रत्येक सातौं दिन निरन्तररूपमा दोहोरिएको छ र त्यो क्रम जारि नै रहनेछ।

आज भोलि विभिन्न उपकरणहरूको आविष्कारद्वारा शारीरिक बलको प्रयोग गर्नु नपर्ने भएकोले मानिसहरूले धेरै आराम पाउन सक्छ भनेर कतिपयले सोच्दछन् होला। दुईसय वर्ष अघिको संसारमा विभिन्न आधुनिक औजारहरू थिएन। जेपनि मानिसकै परिश्रमले काम गर्नुपर्थ्यो। (अहिले बुलडोजरबाट सयौं मानिसहरूको पसिनाको आवश्यक नभइकन पहाडलाई सम्म पार्न सक्छ। खेतबारी, धान काट्ने आदि सबै मेशिनबाटै गर्न सकिन्छ। ती बाहेक सबै उकरणहरू मानिसको परिश्रमलाई राहत दिन र आराम दिन आविष्कार गरिएका थिए-अनुवादकको थप)। तर ती सबै आविष्कारहरूको बाबजुद पनि मानिसलाई चाहिने विश्राम वा आराममा कमि भएको पाइन्छ। हामी पसिना बगाउने काममानै नलागेतापनि कुनै कुनै व्यस्तताको क्रियाकलापमा लागिरहेका हुन्छौं। त्यसले गर्दा जहिले पनि काम नसिद्धिएको अनुभव वा पछाडि परिरहेको अनुभव गर्दछौं; जतिसुकै काममा खटिएतापनि जहिले पनि अझ धेरै गर्नुपर्ने हामी महसुस गरिरहेका हुन्छौं।

हाम्रो निन्द्रामा कमी आएको र धेरै मानिसहरू जागा रहन कफीमा धेरै भरपरिरहेको वैज्ञानिक खोज अनसुन्धानले देखाएको छ। हामीलाई अब तुरन्तै संचार गर्न सकिने मोबाइलहरू छन्, द्रुतगतिमा चल्ने कम्प्युटरहरू छन्, छिटो चल्ने इन्टरनेट जडान छन् तैपनि हामीसँग पर्याप्त समय वा फुर्सद नभएको महसुस गरिनै रहेका हुन्छौं।

**हाम्रो दैनिक जीवनको गतिलाई रोक्न विश्रामको आवश्यकता महत्त्वपूर्ण भएको देहायका पदहरूले कसरी हामीलाई सिकाउँछन्? हेर्नुहोस्, मर्कूस ६:३१ "उहाँले तिनीहरूलाई भन्नुभयो, “तिमीहरू आफै पनि मसँग एकान्त ठाउँमा आओ, र केही थकाइ मार।” किनकि त्यहाँ आउनेजानेहरू धेरै थिए, र उहाँहरूलाई खानसम्म पनि फुर्सद थिएन।", भजन ४:८ "शान्तिमा म पल्टिनेछु र निदाउनेछु, किनकि हे परमप्रभु, तपाईंले मात्र मलाई सुरक्षित राख्नुहुन्छ।", प्रस्थान २३:१२ “छ दिनसम्म आफ्नो कामकाज गर र सातौं दिनमा चाहिँ**

**विश्राम लेओ, र तिमीहरूको गोरु, गधा, तिम्रो घरमा जन्मेको दास, र विदेशी पनि ताजा होऊन्।", व्यवस्था ५:१४ "तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ हो। त्यसमा तिमीहरूले केही काम नगर्नू– आफ्ना छोराछोरी, कमारा-कमारी, गोरु, गधा कुनै पशुले सहरभित्र भएको परदेशीले पनि केही काम नगरोस्। आफ्ना कमारा र कमारीले तिमीहरूसँग विश्राम गरून्।" र मत्ती ११:२८,२९ "२८ "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। २९ मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ।"**

हामीलाई सृष्टि गर्नुहुने परमेश्वरलाई थाहा थियो कि हामीलाई शारीरिक आराम, विश्रामको आवश्यक छ। उहाँले समय चक्रलाई निर्माण गर्नुभएको थियो जसमा दिन, रात र साबथ समावेश भएको छ। साबथले हाम्रो शरीरलाई विश्राम चाहिन्छ भन्ने जानकारीले हामीलाई घचघच्याइरहेको हुन्छ। साबथको विश्राम अवसर हो। यदि येशूलाई हाम्रो जीवनको प्रभु वा स्वामी भनेर स्वीकार गर्छौं भने हाम्रो शरीरलाई दिनुपर्ने विश्रामको उत्तरदायित्वलाई गम्भिररूपमा लिनुपर्ने आवश्यक ठान्नुपर्दछ। साबथ आज्ञा कुनै अर्ति, दर्शन, सल्लाह होइन यो त परमेश्वरको निर्देशन नै हो-छ दिन काम गर्नुपर्ने निर्देशन र सातौं दिनमा विश्राम लिनुपर्ने निर्देशनलाई हामीले खेलाँची गर्दा परमेश्वरकै आज्ञालाई नकारिरहेका हुन्छौं।

**तपाईंको आफ्नै बेफुर्सदी जीवन कस्तो छ? परमेश्वरले हामीमा चाहनुभएको उत्तम अनुभव जसमा शारीरिक र आत्मिक विश्राम हुन् त्यसलाई अर्थमूलक बनाउन हामी के गर्नुपर्छ?**

## २. खालिकुरामा दगुरादगुर

आजको अधिकाँश मानिसमा निन्द्राको अभाव, थकान र धपेडीले अड्डा जमाएका छन्। शरीरले धान्नसक्नेभन्दा वढि खटिन्दा नै यी समस्याहरू आउने वास्तविक हुन्। अझ दिकत दिने कुरो त यो छ कि हामीहरूको दगुरादगुर जीवनमा हाम्रो मनको भावहरू वा फूर्ति खालि हुन गइरहेको अनुभव गरिरहेका हुन्छौं। र, निन्द्रा नपुग्दा जोडिने जोस, जाँगर, फूर्तिहरूमा कमी आउँदा हामी पीडादायक निराशमा पर्न जान्छौं।

यरुशलेमको अन्तिम दिनहरूमा अनेकौं दुःख, कष्ट र गडबड आइरहेको समयमा यर्मियाको लेखन्दास बारूकलाई त्यस्तै नैराश्यको अनुभव भइरहेको हुनुपर्दछ। लथालिङ्ग, दुःखकष्ट र विनाशले पेलिएको यरुशलेम सहरलाई बेबिलोनका आक्रमणकारीहरूले ध्वस्त बनाएका थिए।

**यर्मिया ४५:१-५ पढ्नुहोस्। यी पदहरू पढेर बारूकको दिमागलाई कस्तो भावनाहरूले तहसनहस पारेका थिए होलान् सो आफ्नै शब्दमा सोच्नहोस्। हेर्नुहोस् "१ यहूदाका राजा योशियाहका छोरा यहोयाकीमका राजकालको चौथो वर्षमा नेरियाहका छोरा बारूकले यर्मिया अगमवक्ताले लेखाएका वचन एउटा पत्रको मुट्ठोमा लेखिसकेपछि यर्मियाले बारूकलाई भने, २ "बारूक, परमप्रभु इस्राएलका परमेश्वरले तिमीलाई भन्नुभएको कुरा यही होः ३ तिमीले भन्यौ, 'धिक्कार मलाई! किनकि परमप्रभुले मेरो दुःखमाथि दुःख थपिदिनुभयो! सुस्केरा मार्दा म थाकिसकें, म कतै पनि विश्राम पाउँदिनँ'।" ४ परमप्रभु भन्नुहुन्छ, "तिमीले त्यसलाई यसो भन्नु, 'परमप्रभु यसो भन्नुहुन्छः मैले जे बनाएको छु, त्यो म भत्काउनेछु। देशभरि नै मैले जे रोपेको छु, त्यो म उखेल्नेछु। ५ के तिमीचाहिँ आफ्नै निम्ति ठूला कुराहरू खोज्छौ? ती नखोज्। किनकि म सबै मानिसहरूमाथि सर्वनाश ल्याउनेछु, परमप्रभु भन्नुहुन्छ, तर तिमी जहाँ जान्छौ ती सबै ठाउँमा तिम्रो ज्यानसमेत म तिमीलाई उम्कन दिनेछु'।"**

परमेश्वर आफैले व्यक्तिगतरूपमा तपाईंलाई आधिकारिक पत्र पठाउनुभयो भने तपाईंलाई कस्तो होला, के त्यो तपाईं कल्पना गर्न सक्नुहुन्छ? परमेश्वरको सिंहासनबाट सिधै बारूकले सन्देश पाएका थिए (यर्मिया ४५:२)। यो पत्र उनले  यहूदाको यहोयाकिमको चौथो वर्षमा पाएका थिए। यो ई.पू. ६०५ वा ६०४तिरको कुरो हो। मानिसहरू शुन्य जीवन बिताउनुपर्दा कस्तो हुनेरहेछ भनेर संक्षिप्तरूपमा यर्मिया ४५:३ वर्णन गरेको छ।

बाइबलले यस समयलाई वर्णन गरिएको परिवेशमा बारूकको दुखेसो कुनै मामुली थिएन। निराश हुनु र भावनात्मकरूपमा आफू खालि हुन गएको कारणहरू उचितै भएको ठान्नुपर्दछ। धेरै नराम्रो कुराहरू भइरहेका थिए र अझ झन नराम्रो कुराहरू आउँदै थिए।

**बारूकको पीडा र दुखेसोलाई परमेश्वरले कसरी जवाफ दिनुहुन्छ? हेर्नुहोस्, यर्मिया ४५:४,५ "४ परमप्रभु भन्नुहुन्छ, "तिमीले त्यसलाई यसो भन्, 'परमप्रभु यसो भन्नुहुन्छः मैले जे बनाएको छु, त्यो म भत्काउनेछु। देशभरि नै**

**मैले जे रोपेको छु, त्यो म उखेल्नेछु। ५ के तिमीचाहिँ आफ्नै निम्ति ठूला कुराहरू खोज्छौ? ती नखोज्। किनकि म सबै मानिसहरूमाथि सर्वनाश ल्याउनेछु, परमप्रभु भन्नुहुन्छ, तर तिमी जहाँ जान्छौ ती सबै ठाउँमा तिम्रो ज्यानसमेत म तिमीलाई उम्कन दिनेछु'।"**

जुन प्रकारले परमेश्वरले बारूकको वास्तविक पीडालाई जवाफ दिनुभयो त्यसले बारूकको भन्दा उहाँको निराश र पीडा अझ झन ठूलो भएको रहेछ भनेर हामीलाई याद दिलाउँछ। उहाँले नै यरुशलेमको आत्मिक, सामाजिक र भौतिक संरचनालाई निर्माण गर्नुभएको थियो; अब उहाँले त्यसलाई भत्काउनुहुनेछ; उहाँले इस्राएललाई सुन्दर बारीको रूपमा रोप्नुभएको थियो (यशैया ५:१-७); अब उहाँले जरैदेखि उखाल्नुहुनेछ र निर्वासनमा पठाउनुहुनेछ। आफ्नो जनहरूलाई त्यो भएको उहाँले चाहनभएको थिएन, तर त्यो स्थिति आउनैपर्ने वाध्यता भयो किनकि तिनीहरूले उहाँमाथि विद्रोह गरे, उहाँको चालमा तिनीहरू चलेनन्।

तब बारूक आफैको निम्ति सबै अन्धकार थिएन। परमेश्वरले बारूकको जीवनलाई सुरक्षित राख्नुहुनेछ-त्यो पनि बिनाश, निर्वासन र सबै थोक गुमाइएको अवस्थामा।

**बारूकलाई लक्षित गरिएका परमेश्वरका वचनहरू फेरि पढ्नुहोस्। यसबाट हामीले हाम्रै निम्ति के उपयोगी सन्देश लिनसक्छौं? हाम्रो अवस्था जेसुकै भएतापनि परमेश्वरले हामीलाई त्याग्नुहुन्न भन्ने सन्देशले तपाईंको आत्मिक जीवनलाई कसरी हौशला दिन्छ?**

## ३. पुरानो करारमा विश्रामको परिभाषा

हामी सबैलाई विश्राम चाहिन्छ, आराम चाहिन्छ। त्यसैकारणले यो विषय जताततै बाइबलमा छरिएको छ। हामी सक्रिय हुन वा काम काजमा खटिन परमेश्वरले हामीलाई सृष्टि गर्नुभएतापनि त्यो कामकाज विश्राम लिएर रोक्नुपर्छ भन्ने हामीप्रति उहाँको चाहना हो।

हिब्रू भाषाको पुरानो करारमा विश्राम भन्ने शब्दलाई विभन्न शब्दहरूले बुझाउन खोजिएको छ। छ दिन यस संसार सृष्टि गर्नुभएर सातौं दिनलाई थपेर परमेश्वरले विश्राम लिनुभयो भनेर उत्पत्ति २:२,३मा उल्लेख गरिएको विश्राम क्रियापद *शाबत Shabbat* हो। यसको अर्थ "काम गर्न रोक्नु, आराम लिनु, छुट्टी मनाउनु" हो। यही क्रियापदबाट नाम भएर "साबथ" भनिएको हो। यही

क्रियापद प्रस्थान ५:५मा लेखिएको छ त्यसको अर्थ कसैलाई आराम दिनु वा तिनीहरूको परिश्रमबाट विश्राम दिनु लगाउनु हो।

छ दिन लगाएर परमेश्वरले यस संसार सृष्टि गर्नुभएपछि सातौं दिनमा उहाँले विश्राम लिनुभयो भने चौथौं आज्ञामा व्यक्त गर्नुभएको साबथ विश्रामलाई हिब्रु भाषाको क्रियापद रूप *नुआख nuakh* (प्रस्थान २०:११, व्यवस्था ५:१४) हो। यो क्रियापदलाई अय्यूब २०:११मा "विश्राम" भनेर अनुवाद गरिएको छ। त्यसको अर्थ बसाल्नु, अडाउनु, राख्नु हो। गन्ती १०:३६मा परमेश्वरको करारको सन्दुक राखियो वा बसालियो भनेर सम्बोधन गरिएको पाउँछौं। २ राजा २:१५मा एलियाको आत्मा एलिशामा पस्यो वा उनमा बसियो भनेर औंल्याइएको छ। यही विश्रामलाई जनाउने हिब्रू भाषाको अर्को क्रियापदरूपलाई *शागात shagat* जसको अर्थ राहत दिनु, शान्त पार्नु हो। यो यहोशू ११:२३मा प्रयोग गरिएको छ। यहोशूले युद्ध गरेपछि सुरूमा विजय हासिल गरेपछि भूमिले विश्राम पायो भनिएको छ। यो शब्द यहोशू र न्यायकर्ताहरूमा प्रायजसो "शान्ति"को अवस्थालाई प्रायजसो प्रयोग गरिएको छ।

*रागा raga* भन्ने क्रियापद पनि विश्राम भनेर जनाउन प्रयोग गरिएको छ। अनाज्ञाकारिता वा परमेश्वरप्रति विद्रोही प्रबृत्तिले गर्दा इस्राएलीहरूले प्रवासी जीवनमा विश्राम वा चैन पाउने छैन भनेर परमेश्वरले चेतावनी दिनुभएको व्यवस्थाको पुस्तकमा उल्लेख गरिएको छ (व्यवस्था २८:६५)। यही खालको क्रियापद यर्मिया ५०:३४मा शान्ति वा विश्राम उपलब्ध गराउन परमेश्वर समर्थ हुनुहुन्छ भनेर देखाउँदछ।

**देहायका पदहरूमा कस्तो खालको विश्रामको बारेमा चर्चा गरिरहेको छ? हेर्नुहोस्, "अनि परमप्रभुले मोशालाई भन्नुभयो, "तिम्रा पिता-पुर्खाहरूजस्तै तिमी मर्न लागेको छौ। तिमी मरेपछि तिनीहरू प्रवेश गर्ने देशमा पुगेर यी मानिसहरूले चाँडै विदेशी देवताहरूसँग लागी आत्मिक व्यभिचारझैं गर्नेछन्। मलाई त्यागेर मैले तिनीहरूसँग बाँधेको मेरो करार तिनीहरूले तोड्नेछन्" (व्यवस्था ३१:१६) र "जब तिम्रो दिन पूरा हुनेछ, र तिमी आफ्ना पित्रहरूसँग विश्राम गर्नेछौ, तब म तिम्रै सन्तानमध्येबाट, तिम्रै शरीरबाट एक जना, तिम्रो उत्तराधिकारी हुनलाई उठाउनेछु, र त्यसको राज्य स्थिर गराउनेछु" (२ शमूएल ७:१२)।**

दुवै **पदहरूमा** एकै खालको शब्दशैली व्यक्त गरिएको छ जुन क्रियापद *शाकाब*बाट आएको हो। यसको अर्थ आराम गर्नु, सुत्नु हो। दाउदलाई परमेश्वरले दिनुभएको करारमा भविष्यको राजाको बारेमा प्रतिज्ञा गर्नुभएकोछ, "जब तिम्रा दिनहरू पूरा हुनेछन् र तिम्रा पूर्खाहरूसँग विश्राम लिनेछौ तब तिम्रै सन्तानबाट तिम्रो उत्तराधिकारी खडा गर्नेछु" (२ शमूएल ७:१२ रूपान्तरित)।

यहाँ उल्लेख गरिएका हिब्रू भाषाको विभिन्न क्रियापदहरूले विश्रामको बारेमा दिएको जानकारीले विश्राम भन्ने शब्दको अर्थ केवल एउटा र दुईतामात्र होइन जनाउँछ। यो धारणा केवल धार्मिक अवधारणासँगमात्र जोडिएको छैन। ती क्रियापदहरू अझ धेरै छन्। हामी व्यक्तिगतरूपमै वा सामुहिकरूपमा विश्राम लिन्छौं। विश्रामले हाम्रो शारीरिक, सामाजिक, भावनात्मक र मानसिक स्वास्थ्यलाई असर पार्दछ। (विश्राम कुनै धर्मसँग जोडिनु आवश्यक छैन)। हामीले चाहिने विश्राम केवल साबथमामात्र सिमित भएको छैन।

**निश्चय, मृत्यु हामी सबैको शत्रु हो र त्यसको अन्त्य एक दिन हुनेछ। हाम्रा प्रियजनहरूको मृत्युमा जतिसुकै शोक गरिएतापनि र तिनीहरू नहुँदा हामीलाई जतिसुकै नियास्रो लागेतापनि मृत्यु भनेको विश्राम हो भनेर थाहा पाउने आत्मज्ञानले हाम्रो मनमा कमसेकम कसरी सान्त्वना दिँदछ?**

## ४. नयाँ करारमा विश्राम

विश्राम भन्ने जनाउँने क्रियापदको शैली नयाँ करारमा प्रायजसो *आनापाउओ anapauo* हो। यसको अर्थ "आराम गर्नु, विश्राम लिनु, ताजा हुनु" हो। यो शब्द येशूको अत्यन्तै प्रख्यात कथनहरूमा एकमा प्रयोग गर्नुभएको थियो जुन मत्ती ११:२८मा छः "तिमीहरू सबै परिश्रम गर्नेहरू हो र बोझले लादिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु" (रूपान्तरित)। यो शारीरिक आरामलाई पनि सम्बोधन गरिएको हुनसक्छ (मत्ती २६:४५)। कोरन्थीका विश्वासीहरूलाई लेखेको पत्रको अन्तिम अभिभादनहरूमा मित्रहरूको आगमनले आफ्नो मन वा आत्मालाई ताजा बनाएको थियो भनेर पावलले व्यक्त गर्दछन् (१ कोरन्थी १६:१८)।

विश्रामलाई जनाउन अर्को क्रियापद पनि प्रयोग गरिएको छ, त्यो हो *हिसीचाजो hesychazo* हो। यो शब्द चेलाहरूको साबथ विश्रामलाई प्रयोग गरिएको छ भने येशू चिहानमा बिश्राम गर्नुभएकोलाई पनि प्रयोग गरिएको छ

(लूका २३:५६)। तर यही शब्द शान्तिपूर्ण जीवन बिताउनको निम्ति पनि प्रयोग गरिएको छ (१ थेस्सोलोनिकी ४:११)। यसको अर्थ कुनै वाधा नभएको शान्त जीवन कसैले बिताएको भनेर पनि जनाउन सक्छ (प्रेरित ११:१८)।

हिब्रूका लेखकले हिब्रू ४:४मा सृष्टिको कामपछि परमेश्वरल् सातौं दिनमा विश्राम लिनुभएको ठोकुवा गरेरै उल्लेख गरिएको छ। यो चाहिँ त्यसबेलाको चलनचल्ती भाषा ग्रीक क्रियापदबाट प्रयोग गरिएको छ। त्यो हो *काटापाउओ katapauo*। यसको अर्थ काम सिध्याउनु, आराम गर्नु, विश्राम गर्नु हो। ग्रीक भाषामा अनुवाद गरिएको पुरानो करार जसलाई सेप्टुजिन्ट भनिन्छ त्यसमा लेखिएको विश्राम शब्दलाई समर्थन गरिएको देखाउँछ। यो खालको विश्रामलाई जनाउने क्रियापद प्रायजसो हिब्रू ४मा पाइको रोचक नै मान्नुपर्दछ।

**मर्कूस ६:३०-३२ पढ्नुहोस्। एक छिन एकान्त ठाउँमा गएर आराम गरौं भनेर येशूले चेलाहरूलाई किन भन्नुभयो? त्यो पनि तिनीहरूको धेरै कामहरू गर्ने लक्ष्यमा तिनीहरू लागिरहेका थिए। मर्कूस ६ अध्यायलाई ठूलो परिवेश वा सन्दर्भमा हेर्नुहोस् जब तपाईंले त्यस प्रश्नको जवाफ खोज्नुहुन्छ। "३० अनि प्रेरितहरू येशूकहाँ भेला भए, र तिनीहरूले जे-जे गरेका थिए र सिकाएका थिए, ती सबै उहाँलाई बयान गरे। ३१ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू आफै पनि मसँग एकान्त ठाउँमा आओ, र केही थकाइ मार।" किनकि त्यहाँ आउनेजानेहरू धेरै थिए, र उहाँहरूलाई खानसम्म पनि फुर्सद थिएन। ३२ अनि उहाँहरू डुङ्गामा सुटुक्क एउटा एकान्त ठाउँमा जानुभयो।"**

"एक छिन एकान्तमा गएर आराम गरौं" (मर्कूस ६:३१ रूपान्तरित) भन्ने वाक्य निम्तोको शैलीमा दिइएको होइन। यो अऱ्हाइएको शैलीमा छ अर्थात् आदेशमा। आफ्ना चेलाहरूप्रति येशू चिन्तित हुनुहुन्थ्यो। तिनीहरूको शारीरिक र मानिसिक सुस्वास्थको चासो येशूमा थियो। तिनीहरू दुई दुई जना गरेर पठाइएको सुसमाचारीय काममा थाकेर भर्खरं आएका थिए (मर्कूस ६:७)। मर्कूस ६:४०मा तिनीहरूको कार्यक्रम सफल भएकोमा अत्यन्तै खुशी थिए। के के भन्ने भनेर भन्न तिनीहरूका हृदयहरू भरिएको हुनसक्थ्यो। तिनीहरूको सफल काम र असफलहरू येशूलाई तिनीहरूले सुनाउन चाहेका थिए; तर ती सबै तत्कालै नसुनी पहिला आराम लेऊ भनेर येशूले अऱ्हाउनुहुन्छ। मर्कूसले अझ व्याख्या गरेर थप्दछन्: "धेरै मानिसहरू आवतजावत गरिरहेका थिए। तिनीहरू यस्तो व्यस्त थिए कि खानैसम्म फुर्सद

थिएन" (मर्कूस ६:३१ रूपान्तरित)। परमेश्वरको काममा व्यस्त हुनु र बोझले लादिँदा चेलाहरूको निम्ति चुनौतिपूर्ण नै थियो। बेलाबेलामा आराम लिएर हाम्रो स्वास्थ्य र मानसिक अर्थात् मनोभावनाहरूलाई स्वस्थ राख्नुपर्छ भनेर येशूले हामीलाई याद दिलाउनुहुन्छ।

**परमेश्वरको काममा अति व्यस्त भएका तपाईंको स्थानीय चर्च पास्टर वा एल्डरलाई राहत दिन तपाईंले कसरी सहयोग गरिरहनुभएको छ? ती मानिसहरूले विश्राम वा आराम पाउन र तिनीहरूको काममा सराहना व्यक्त गर्न तपाईंले अझ के गर्न सक्नुहुन्छ?**

## ५. वेचैनमा भौतारिएको वा डुलिरहेको मानिस

**उत्पत्ति ४:१-१२ पढ्नुहोस्। यस पृथ्वीमा कैयन किन "बिना चैनको डुलुवा" हुनुपर्‍यो? हेर्नुहोस्, "१ आफ्नी पत्नीसित आदमको सहवास भयो, र तिनी गर्भवती भएर कयिनलाई जन्माइन्, र भनिन्, "परमप्रभुको सहायताले एक पुरुष जन्माएँ।" २ फेरि तिनले कयिनको भाइ हाबिललाई जन्माइन्। हाबिल भेड़ा-गोठाला भए, र कयिनचाहिँ भूमिको खेतीकिसानी गर्ने भए। ३ केही समय बितेपछि कयिनले परमप्रभुकहाँ भूमिको उब्जनीबाट केही ल्याए। ४ तर हाबिलले आफ्ना भेड़ाको बगालबाट पहिले जन्मेका पाठाहरूका बोसे भाग ल्याए। परमप्रभुले हाबिल र तिनको भेटी ग्रहण गर्नुभयो, ५ तर कयिन र तिनको भेटी ग्रहण गर्नुभएन। यसैले कयिन ज्यादै रिसाए, र तिनको मुख अँध्यारो भयो। ६ तब परमप्रभुले कयिनलाई भन्नुभयो, "तँ किन रिसाउँछस्? तेरो मुख किन अँध्यारो छ? ७ यदि तैंले जे ठीक छ त्यो गरिस् भने तँ ग्रहणयोग्य हुँदैनस् र? तर यदि तैंले ठीक काम गरिनस् भनेता पाप तेरो ढोकैमा ढुकिबस्छ। त्यसको इच्छा तँप्रति हुन्छ, तर तैंले त्यसलाई अधीन गर्नैपर्छ।" ८ कयिनले आफ्ना भाइ हाबिललाई भने, "आऊ, हामी बाहिर खेतमा जाऔं।" अनि जब तिनीहरू खेतमा थिए तब कयिनले आफ्ना भाइ हाबिलमाथि आक्रमण गरेर तिनलाई मारे। ९ तब परमप्रभुले कयिनलाई सोध्नुभयो, "तेरो भाइ हाबिल कहाँ छ?" तिनले भने, "मलाई थाहा छैन। के म मेरो भाइको गोठाला हुँ र?" १० परमप्रभुले भन्नुभयो, "यो तैंले के गरिस्? तेरो भाइको रगतले भूमिबाट मलाई दुहाई दिइरहेछ। ११ तँ अब श्रापित भएर यस भूमिबाट खेदिएको छस्, जसले तेरो भाइको रगत तेरो हातबाट लिनलाई आफ्नो मुख उघार्‍यो। १२ तैंले भूमिको**

**खेती गर्दा अब उप्रान्त त्यसले तँलाई आफ्नो उब्जनी दिनेछैन। तँ पृथ्वीमा एक विनाचैनको डुलुवा हुनेछस्।"**

परमेश्वरले हाबेलको भेटीलाई ग्रहण गर्नुभएर उसलाई किन सम्मान गर्नुभएको थियो र कैयनको भेटीलाई किन सम्मान वा ग्रहण गर्नुभएन सो बाइबलले स्पष्टरूपमा खुलाएको छैन। तर हामीले अनुमानचाहिँ लगाउन सक्छौं। "प्रतिज्ञा गरिएको बलि र त्यसको आवश्यकताप्रति कैयन गुनासो गर्दै र परमेश्वरप्रति सक्कली आस्था नगरेर कैयन परमेश्वरको सम्मुख आएको थियो। उसको भेटीले पापको पश्चातापलाई व्यक्त गरेको थिएन। उसले ठानेको कुरा अहिलेका मानिसहरूले पनि ठानिरहेका छन्। परमेश्वरले नै ठम्याउनुभएको मुक्तिको योजनालाई पछ्याउनु र प्रतिज्ञा गरिएको मुक्तिदाताको प्रायश्चितको कामद्वारा दिइने मुक्तिमा भरपर्नु मानिसको कमजोरपना हो भनेर अहिले पनि मानिसहरूले सोचिरहेका छन्। आफ्नै भरोसा, बुद्धिज्ञान वा दर्शनको बाटो कैयनले अपनाएको थियो। आफ्नै असल कामबाट मुक्ति पाउँछ भन्ने धारणाले कैयन परमेश्वरकहाँ आएको थियो।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्*, पृ. ७२बाट रूपान्तरित।

जब परमेश्वरले कैयनलाई बेचैन डुलुवा हुनेछ भनेर सराप्नुभएको थियो त त्यस स्थितिमा कैयन परोस् भनेर उसको जन्म होस् भनेर परमेश्वरको चाहना थिएन; तर, पापको क्रियाकलाप र परमेश्वरको आज्ञालाई भङ्ग गर्दा त्यो स्थितिमा ऊ परेको थियो। परमेश्वरमा विश्राम नपाउँदा अरू कतैबाट विश्राम पाउने छैन भनेर कैयनले पत्ता लगाउनुपरेको थियो। सही र पक्का विश्राम परमेश्वरबाट बाहेक अन्त कहीँ पाउँदैन भनेर कैयनले अनुभव गर्नुपरेको थियो।

"स्वीकार गर्नुभयो, ग्रहण गर्नुभयो वा सम्मान गर्नुभयो" (उत्पत्ति ४:४)को शब्दलाई हिब्रू भाषामा "नजिकै हेरियो वा होशियारसाथ लियो" भन्ने जनाउन सक्छ। परमेश्वरले नजिकै वा होशियारसाथ हेर्नुभएको भेटीलाई भेटी आफैमा नभएर भेटी चढाउनेको मनस्थितिलाई परमेश्वरले नजिकैबाट हेर्नुभएको थियो। परमेश्वरले कैयनको फलफूलको भेटीलाई सरासर अस्वीकार गर्नु भनेको उहाँ जिद्दिवाल परमेश्वर हुनुभएकोले नकारात्मक प्रतिक्रिया दिनुभएको होइन। तर भेटी ल्याउनेको चरित्रलाई होशियारसाथ जोखेर, उसको मनस्थिति र नियतलाई नियालेरमात्रै उसको भेटी ग्रहण योग्य छ कि छैन भनेर परमेश्वरले हेर्नुहुन्छ। यथार्थमा सेभेन्थ-डे एडभेन्टिस्टको शिक्षमा छानबिनको

न्याय समेतिएको विषयलाई बुझ्न ती दाजुभाइका भेटी ल्याउने कामलाई ज्वलन्त उदाहरणको रूपमा लिन सकिन्छ।

**परमेश्वरको फैसलालाई कैयनले कसरी लियो भनेर उत्पत्ति ४:१३-१७ पढ्नुहोस् "१३ कयिनले परमप्रभुलाई भने, "मैले सहनै नसक्ने कड़ा दण्ड मलाई भयो। १४ हेर्नुहोस्, आज तपाईंले मलाई यस भूमिबाट निकालिदिनुहुन्छ, र तपाईंको उपस्थितिबाट मैले लुक्नुपर्नेछ। म पृथ्वीमा विनाचैनको डुलुवा हुनेछु, र मलाई फेला पार्ने जोसुकैले पनि मलाई मार्नेछ।" १५ तर परमप्रभुले तिनलाई भन्नुभयो, "त्यसो होइन, जसले कयिनलाई मार्छ त्यससित सात गुणा बदला लिइनेछ।" अनि कयिनलाई कसैले फेला पारेर नमारोस् भनी परमप्रभुले तिनीमाथि एउटा चिन्ह लगाइदिनुभयो। १६ तब कयिन परमप्रभुको उपस्थितिबाट निस्केर अदनको पूर्वपट्टि भएको नोद भन्ने देशमा बस्न लागे। १७ आफ्नी पत्नीसित कयिनको सहवास भयो, र गर्भवती भएर तिनले हनोकलाई जन्माइन्। कयिनले एउटा सहर बनाएर आफ्नो छोराकै नाउँमा त्यस सहरको नाउँ पनि हनोक राखे।"**

वास्तविक तितो सत्य त यो हो कि जब हामी परमेश्वरको सम्मुखबाट भाग्न खोज्छौं तब हामी बेचैन हुन्छौं। परमेश्वरसँग उहाँकै अनुग्रहमा रहन र त्यसलाई चाहना गर्ने हाम्रो मनस्थिति वा विवेकलाई मिचेर अरूहरूले भर्न खोज्छौं जस्तै मानव सम्बन्ध वा अत्यन्तै व्यस्त जीवन। कैयनले आफ्नै बंश खडा गऱ्यो र सहर पनि निर्माण गऱ्यो। ती दुवै महान उपलब्धी हुन्। त्यसले मानिसको दृढसङ्कल्प, आफ्नो बल र बुद्धिलाई प्रयोग गरेको देखाउँछ। तर परमेश्वरबिनाको बंश र विद्रोही सहरको लक्ष्य अन्तमा आएर बेमतलब हुन जान्छ।

***हाम्रो पापको कारणले हामी दुःख पाउनुपरेतापनि क्रूसमा हामीलाई उपलब्ध गराइएको क्षमालाई ग्रहण गर्न हामीले कसरी सिक्ने?***

## उपसंहारः

**थप जानकारीः** "धार्मिक जीवनको कर्मकाण्डलाई व्यस्ततापूर्वक पालन गर्नु नै धर्मको लक्ष्य हो भनेर येशूको समयका रबी, धर्मुगुरू वा स्वामी भनाउँदाहरूले सोचेका थिए। तिनीहरूको धर्मपरायणता, साधुपना वा अरूभन्दा बढि धर्मात्मा देखाउनको निम्ति तिनीहरूले बाहिरिय धार्मिक विधिहरू बढो होशियारसाथ पालन गर्दथे। आफ्ना कामहरूमाथि भर परेर नै तिनीहरूको आत्मिक जीवन

उच्चस्तरिय छन् भनेर तिनीहरू अभिमान गर्दथे। तर त्यस नीतिमा हिँड्दा तिनीहरू परमेश्वरबाट अलग भएका थिए। आफूले जे गरेको छ त्यो नै पर्याप्त छ भन्ने धारणाले तिनीहरूको दिमागमा अड्डा जमाएको थियो। यस्तो खालको खतरानक धारणाहरूको अस्तित्व अहिले पनि छ। परमेश्वरकै कामको निम्ति किन नहोस् धेरै क्रियाकलापमा संलघ्न भएर आफू सफल भएको अनुभूति पाउँदा मानव योजना र तरिकाहरूमा भरपर्ने खतरा हुन जान्छ। कम प्रार्थना र कम विश्वास हुने प्रवृत्ति इसाईहरूमा छाइरहेका छन्। कतिपय समयमा चेलाहरू पनि परमेश्वरको नजरबाट टाढा भएका थिए। हामी पनि परमेश्वरमा भरनपरि हाम्रै क्रियाकलाप नै उद्धारकर्ता हो भन्ने सोच्ने खतरामा लाग्न सक्छौं। हामीले प्रभु येशूतिर निरन्तररूपमा आँखा लगाइरहनु जरुरी छ र हामी जे गर्छौं सो उहाँकै शक्ति वा बलबाट गर्दछौं भन्ने कुराको महसुस गरिरहनुपर्दछ। परमेश्वरलाई नचिन्नेहरूको निम्ति इमान्दारितापूर्वक परिश्रम गर्नु जरुरी त छ तर परमेश्वरको वचन पढ्न, प्रार्थना गर्न र ध्यान गर्न समय पनि निकाल्नै पर्दछ। धेरै प्रार्थना र ख्रीष्टको गुणले पवित्र गराएरमात्रै हाम्रो काममा उपलब्धी हासिल गर्न सक्छौं। ती नीतिहरूमा चल्दा हामीहरूको सक्रिय जीवन असलै भएको प्रमाणित हुनेछ।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. ३६२बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **मानिसहरूसधैं प्रतिस्पर्धामा लागेर अरूभन्दा माथि रहने निरन्तर दवावमा परिरहनु, चाहे प्रतक्ष्य वा भर्ट्युल अर्थात् इन्टरनेटमार्फत आफूलाई सभा आदिमा सधैं सरिक बनाउन र न त परमेश्वरले दिनुभएको वा अव्यवाहारिक आदर्श अनुसार जिउने होडबाजीमा लागिरहँदा मानिसहरू भावात्मक वा मनोवैज्ञानिक, शारीरिक र आत्मिकरूपमा अस्वस्थ हुनसक्छन्। थकित, पेलान, बोझ र चिन्ताले लादिएका मानिसहरू विश्रामको निम्ति तिब्र चाहना गर्दछन्। तपाईंको चर्च त्यस खालका मानिसहरूको निम्ति कसरी आश्रय स्थल बनाउन सक्नुहुन्छ?**

आ. **के हामी यस्तो व्यस्त हुन्छौं कि परमेश्वरकै लागि पनि असल कामहरू गरिरहन? मर्कूस ६:३०-३२मा उल्लेख गरिएको येशू र**

उहाँका चेलाहरूको कथा सोच्नुहोस्। यस मामिलालाई लिएर विश्वासीहरूको बीच छलफल गर्नुहोस्।

इ. सन १८९९मा कसैले आफ्नो कार घन्टामा ३९.२४माइल हाँकेर त्यो भन्दा अघिका छिटो कार हाँक्ने रेकर्ड तोडिएको थियो। आजभोलि कारहरू त्यो भन्दा छिटो हाँक्न सकिन्छ। हामीमाभएको मोबाइल वा कम्प्युटर दशक अघिको भन्दा छिटो चल्दछ। हवाई जहाजहरूको उडानको गति छिटो छिटो भइरहेको छ। हामीले हामी जे गर्छौं त्यो पहिलेको भन्दा छिटै गर्दछौं, तैपनि? हामी हडबडमा नै चलिरहेका हुन्छौं त्यो पनि विश्रामबिना। मानिसको साधारण स्वभावको बारेमा त्यसले के भन्दछ र परमेश्वरले दिनुभएको दश आज्ञाहरूमा एक आज्ञाले विश्राम लिनुपर्छ भन्ने उहाँको आदेश कतिको महत्त्वपूर्ण छ भनेर हामीले कसरी महसुस गर्ने?

ई. पाप आउनुभन्दा अघि नै अदनको बगैंचामा नै साबथको विश्राम स्थापना भएको थियो भन्ने धारणालाई राम्रोसँग सोच्नुहोस्। त्यसको धार्मिक प्रयोजनको सत्य बाहेक सिद्ध र पापरहित संसारमा पनि विश्रामको आवश्यकता रहेछ भन्ने आत्मज्ञानले हामीलाई के सिकाउँछ?

## कथा १

## फर्केर आउन पाउँदा खुशी लाग्यो

### आड्रेन वाइलस्, २० आरिजोना, उत्तर अमेरिका



आड्रेनले होलब्रुक सेभेन्थ-डे एडभेन्टिस्ट इन्डियन स्कूलमा बाऱ्ह कक्षा सिध्याउँदै थियो। यो स्कूल अमेरिकाको आरिजोना राज्यमा आदिवासी अमेरिकनहरूको निम्ति खोलेको मिसन स्कूल थियो।

आफ्नो बुबा र आमाले प्रायजसो रक्सी पिउँथे भन्ने कुरो आड्रियनलाई थाहा थिएन। जब ऊ सात वर्षको थियो तब उसको दाजुले उसलाई रक्सी खाने र लागुपदार्थ खाने कुलतमा फसायो। रक्सी खानु, चुरोठ पिउनु र लागु पदार्थ खानु कुनै नराम्रो कुरो होइन भनेर उसले ठानेको थियो। होलब्रुक स्कूलमा ऊ तीन कक्षामा भर्ना भएको थियो तर सुरुमा त्यस स्कूलमा पढ्न उसलाई मन परेन। तर उसले त्यहाँ धेरै नौलो कुरोहरू सिकेको थियो। नुहाउनु र आफैले लुगा धुनु पर्छ भनेर उसले त्यहाँ सिक्यो। त्यस स्कूलमा गएपछि उसले रक्सी पिउन र लागुपदार्थ खान छोड्यो। जब ऊ दिक्क लाग्थ्यो तब स्कूलको जिममा बास्केटबल खेल्दा आफू खुशी हुनेरहेछ भनेर उसले थाहा पायो। जब ऊ सात कक्षा पुगेको थियो तब उसले पास्टरसँग बाइबल अध्ययन गऱ्यो र त्यसैबखत उसले आफ्नो हृदय येशूलाई सुम्प्यो।

*आड्रेनले त्यस स्कूलमा १२ कक्षा पढेर हाइस्कूल पास गऱ्यो। स्कूलमा भएको ग्राजुएशन समारोह पछि उसले फेरि नयाँ जीवन सुरु गर्नुपरेको थियो। आफ्नै शब्दहरूमा आफ्ना भावनाहरू व्यक्त गरेको यहाँ हेरौं।*

म सन २०१८मा होलब्रुक इन्डियन स्कूलबाट ग्राडुएत भएँ। जब मैले मेरो जीवन येशूलाई सुम्पेको थिएँ तब उहाँले मलाई जाँडरक्सी, चुरोट र लागुपदार्थ खाने कुलतहरूबाट उहाँले छुट्कारा गर्नुभयो। त्यतिमात्र नभएर मेरो जीवन कतातिर जाने हो सो लक्ष्यतिर जान उहाँले सहयोग गर्नुभयो। मेरो एक जना काका इन्जिनियर हुनुहुन्छ। म पनि उहाँजस्तै इन्जिनियर हुने निर्णय गरें। अमेरिकाकै नेब्रास्का राज्यमा रहेको एडभेन्टिस्ट युनियन कलेजमा भर्ना हुन आवदेन दिएँ। त्यहाँ म नयाँ विद्यार्थी भएर मेरो कलेजको जीवन सुरु गरेको थिएँ। त्यस कलेजमा सबैजना मिलनसार, खुशी र भद्र थिए। अपरिचित

मानिसहरूले पनि मसँग हात मिलाउन आएका थिए। मैले कक्षामा धेरै साथीहरू बनाएँ। समूह गीत र अन्तर्स्कूलिय खेलकुदमा मैले भाग लिएँ। ईस्वरीय ज्ञान सिक्ने विद्यार्थीहरूले बाइबल अध्ययन गर्न मलाई बोलाए। त्यस अध्ययनमा म सरिक हुँदा मलाई धेरै खुशी लाग्यो। कलेजको सबै आत्मिक कार्यक्रमहरूमा अत्यन्तै खुशी भएर भाग लिएँ। शुक्रबारमा बेलुकीपख हुने आफ्टर ग्लो आत्मिक कार्यक्रमहरूमा पनि म सरिक भएँ।

सबै कुरो ठिक ठिक चलिरहेको थियो तर जब मैले मासिक बिल पाएँ तब मेरो सातोपुत्लो उड्यो। त्यो कलेजमा पढ्न त थुप्रो पैसा पो लाग्ने रहेछ भनेर मैले थाहा पाएँ। त्यतिका पैसा कसरी तिर्ने सो मैले सोच्ननै सकिँन। मलाई के गरुँ केगरुँ भएको थियो। अर्को वर्ष म अमेरिकाको आदिबासीहरूको निम्ति खोलेको स्कूलमा जान निर्णय गरेँ। त्यो स्कूल आदिवासीहरूको निम्ति अलग गरिएको नाभाहो आरक्षित क्षेत्रमा थियो। अनि मैले अध्ययन गर्ने कलेजको निम्ति केही खोजनीति गरेँ। अमेरिकाकै न्यु मेक्सिको राज्यमा जहाँ आदिवासीहरूको निम्ति आरक्षित क्षेत्र थियो त्यहाँ एउटा प्राविधिक कलेज रहेछ। त्यस कलेजमा इन्जिनियर राम्ररी सिकाउँदो रहेछ। त्यस कलेजमा आदिवासी अमेरिकनहरू जसलाई रेड इन्डियन भनिन्छ सहुलियत दरमा अध्ययन गर्न पाउँछन्। आफू पनि आदिवासी अमेरिकन भएकोले त्यहाँ पढ्न अबसर पाउने भएको थिएँ। इसाई कलेजमा धेरै पैसा तिर्नुपर्थ्यो तर त्यहाँ त्यस्तो चिन्ता गर्नुपर्दैनथ्यो।

त्यस कलेजमा गएँ र भर्ना पनि भएँ। कक्षाहरू पनि जान थालेँ। तर मैले छिट्टै यो महसुस गरेँ कि त्यहाँ त येशूलाई विश्वास गर्ने कोही पनि विद्यार्थी थिएन। त्यहाँ अरू विद्यार्थीहरू सरह रक्सी खाने, चुरोट पिउने र लागु पदार्थ खाने कुलतमा लाग्यो भने सबै जना साथी हुने रहेछ। म पनि त्यही कुलतमा लाग्न प्रलोभनमा फसाउन साथीहरूले कोसिस गरेका थिए। तर मैले रक्सी, जाँड, चुरोठ र लागु पदार्थ खाने जीवनशैलीमा नफस्न हरदम प्रयास गरेँ। तर त्यसले गर्दा मलाई कोही साथी भएन। सबैले मलाई पन्छाउन थाले र म एक्लै भएको महसुस गर्न थालेँ।दोस्रो सेमिस्टरमा पुग्दा त मलाई झन एक्लोपना महसुस भयो र त्यो त मेरो निम्ति अति नै भएको थियो। मैले होलब्रुक इन्डियन एडभेन्टिस्ट स्कूलको एक जना कर्मचारीसँग सम्पर्क जारि राखेको थिएँ। एक दिन मैले उनलाई मेरो पीडा सुनाएँ। तब त्यसबेला परमेश्वरले अचम्मको काम गर्नुभयो। त्यस स्कूलमा म फर्केर आएको

तिनीहरूले चाहना गरेका थिए। त्यस स्कूलमा एउटा निकायको पद खाली थियो। त्यस पदले स्कूलमा हुने विभिन्न कामहरू रेखदेख गर्थ्यो। त्यसलाई टास्क फोर्स डिन अर्थात् स्कूलमा भएको कामलाई हेर्ने हाकिम थियो। यदि म त्यस काममा नियुक्त भएँ भने त्यो काम गरेर त्यसमा कमाएको पैसाले मैले कलेजको पैसा तिर्न सहयोग हुने रहेछ भनेर थाहा पाएँ। मैले प्राविधिक कलेज छोडेर केही समयसम्म काम गर्न होलब्रुक इन्डियन स्कूलमा आएँ। यो स्कूल ठूलो थियो। यो स्कूल मेरो घर थियो। त्यस स्कूलमा फर्किन पाउँदा मलाई धेरै खुशी लागेको थियो।

नेब्रास्काको एडभेन्टिस्ट युनियन कलेजमा अध्ययनलाई निरन्तरता दिन म फर्किन चाहन्छु। त्यस कलेजमा ऋण नलिइकन फर्कन म प्रार्थना गरिहेको छु। त्यस कलेजमा पढ्न परमेश्वरले ढोका खोलिदिउन् भनेर प्रार्थना गरिरहेको छु। मेरो जीवनमा परमेश्वरको योजना छ सो मलाई थाहा छ। मेरो लागि प्रार्थना गरिदिनुहोला ताकि परमेश्वरले मलाई जहाँ अगुवाइ गर्नुहुन्छ म त्यहाँ जान सकुँ। यस कथा सुनाइरहेको बेलासम्म म यही होलब्रुक स्कूलमा कामको रेखदेख गर्ने हाकिमको पद सम्हालीरहेको छु।